**आ.व.२०८३/०८४, मिति २०८३/०५/११ गतेको दोस्रो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :**

१. शोक प्रस्ताव सम्बन्धमा।

२. बायोइन्जिनियरिङ्गको कार्यक्रम संचालन गर्न स्थान पहिचानमा आवश्यक सहजीकरण सम्बन्धमा।

३. विविध सम्बन्धमा।

१. आर्थिक सहयोग सम्बन्धमा।

**आ.व.२०८३/०८४, मिति २०८३/०५/११ गतेको दोस्रो गाउँ कार्यपालिका बैठकका निर्णयहरु :**

**निर्णय नं. १** : मिति २०८३ भाद्र १० गते रसुवा जिल्लाको रसुवागढी तथा तल्लो तटिय क्षेत्रमा भोटेकोशी नदिमा आएको भीषण बाढीबाट भएको जनधनको क्षतिप्रति गहिरो दु:ख व्यक्त गर्दै उक्त घटनामा परी ज्यान गुमाउने सम्पूर्ण मृतकहरु प्रति भावपूर्ण श्रद्धान्जली तथा शोकसन्तप्त परिवारजन प्रति हार्दिक समवेदना व्यक्त गर्ने र घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने तथा विपद् प्रभावित नागरिक र बेपत्ताहरुको उद्धार, राहत तथा पुन:स्थापनामा आवश्यक सहयोग र समन्वय गर्ने।

**निर्णय नं. २** : यस गाउँपालिकामा आ.व. २०८३/०८४ मा ए.डि.वि. र नेपाल सरकारबीच सम्झौता भई कार्यान्वयन हुने जलवायु उत्थानशील भू-परिधी तथा जिविकोपार्जन आयोजना (CRLLP) अन्तरगत यस गाउँपालिकाको माथिल्लो तटिय तथा पानीको श्रोत भएका क्षेत्रमा पानी पुन:भरण संरचना, भू-क्षय नियन्त्रण एवं बायोइन्जिनियरिङ्गको कार्यक्रम संचालन गर्न आवश्यक स्थान पहिचान गरी तपसिल आयोजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।

**तपसिल**

| क्र.सं. | वडा नं. | आयोजना / कार्यक्रमको विवरण | कै. |
|---|---|---|---|
| १. | १ | ईखिकान्ला मुहान मर्मत (तारजाली, बृक्षारोपण, रिचार्जपोखरी) | |
| २. | | बुरेलीखोला मुहान मर्मत (तारजाली, बृक्षारोपण, रिचार्जपोखरी) | |
| ३. | | वाहुनपाखामा विरुवा बृक्षारोपण | |
| ४. | | बुरेलीखोला तटबन्धन | |
| ५. | | थापाचौर तटबन्धन | |
| ६. | | मोरामुख भेरी नदी तटबन्धन | |
| ७. | २ | सेतिकमखोला तटबन्धन निर्माण | |
| ८. | | खारखोला सिस्नेकोट खानेपानी मुहान संरक्षण | |
| ९. | | किचाखोला तथा मुराजिउला खानेपानी संरक्षण | |
| १०. | | लयटा रिचार्ज पोखरी तथा फिल्टरिङ ड्याम निर्माण | |
| ११. | ३ | हिलेखोला मुल संरक्षण | |
| १२. | | कालारात्री टाकुरामा रिचार्ज पोखरी | |
| १३. | | सिस्नेरी मुल संरक्षण | |
| १४. | | इख्रागाउँ पोखरी पुनस्थापना तथा निर्माण | |
| १५. | | खाप्लेमा बायोइन्जिनियरिङ्ग | |
| १६. | | गुरुदासेमा बायोइन्जिनियरिङ्ग | |
| १७. | ४ | कोर्ती बनगाउँमा मुहान संरक्षण तथा बृक्षारोपण, चेकड्याम रिचार्ज पोखरी र तटबन्धन | |
| १८. | | बाउनगाउँमा रिचार्ज पोखरी बृक्षारोपण | |
| १९. | | कैछेगैरी मुहान मर्मत तथा रिचार्ज पोखरी निर्माण | |
| २०. | | कोर्ती रानागाउँमा रिचार्ज पोखरी निर्माण | |
| २१. | | झारकाँडामा ग्याविन जाली प्रयोग गरी पहिरो नियन्त्रण | |
| २२. | | त्वालद्वारीमा ग्याविन जाली तथा बृक्षारोपण गरी पहिरो नियन्त्रण | |
| २३. | | झारकाँडामा खानेपानी मुहान संरक्षण | |

| | | | |
|---|---|---|---|
| २४. | ५ | स्यानी झारकाँडा रिचार्ज पोखरी | |
| २५. | | लेख रिचार्ज पोखरी | |
| २६. | | बोरागाउँ रिचार्ज पोखरी | |
| २७. | | ठुलाधारा सिचाई पोखरी | |
| २८. | ६ | हिलेधारा, रोटे रिचार्ज पोखरी निर्माण | |
| २९. | | चिसाखोला, मेलटाकुरा रिचार्ज पोखरी निर्माण | |
| ३०. | | ठुलाधारा, तल्लो गोग्न्याउरी मुहान संरक्षण मर्मत, तारजाली निर्माण रिचार्ज पोखरी | |
| ३१. | | बडाचौर मौलोहाले लिफ्ट खानेपानी योजना अन्तरगत रिचार्ज पोखरी मुहान संरक्षण मर्मत | |
| ३२. | | सेरागाउँ खन्यखोला पहिरो नियन्त्रण | |
| ३३. | ७ | ओखरेनी चौरमा खानेपानी मुहान संरक्षण | |
| ३४. | | च्याउखोला तटबन्धन निर्माण | |
| ३५. | | अमरखोलामा तटबन्धन निर्माण | |
| ३६. | | कसारीखोलामा खानेपानी मुहान संरक्षण | |
| ३७. | | बयालेचौरमा रिचार्ज पोखरी निर्माण | |
| ३८. | | लेखापानीमा खानेपानी मुहान संरक्षण | |
| ३९. | | बन्चो खोलामा खानेपानी मुहान संरक्षण | |

**निर्णय नं. ३(१)** : मिति २०८३/०५/१० गते रसुवा जिल्लाको रसुवागढी तथा तल्लो तटीय क्षेत्रमा भोटेकोशी नदीमा आएको भीषण बाढीबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै उक्त विपद् बाट प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा कुमाख गाउँपालिका, सल्यानको तर्फबाट **रु. २,५०,०००/- (अक्षरेपी दुई लाख पचास हजार रुपैयाँ मात्र)** आर्थिक सहयोग उपलब्ध गराउने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।**